# मेरो स्मृतिको पानामा रेडियो

**शिवेन्द्रलाल कर्ण**

रेडियोबारे मैले सर्वप्रथम कहिले र कसको मुखबाट सुनेको थिएँ भन्ने सम्झना सूत्रको छेउलाई समाउन गाह्रो भइरहेको छ । तर रेडियोलाई 'रेडी' को नाउँले सानै उमेरदेखि जान्न थालेको कुरा अहिले सम्झन त्यति कठिन छैन । बाल्यकालमा रेडियोको चर्चा म आदरणीय लाल भाइ (माहिला दाज्यू श्री इन्द्रदेव लाल) को मुखबाट सुन्ने गर्थें । निम्न मध्यम परिवारमा जन्मेको भए पनि उहाँले जसोतसो बनारससम्म गई अध्ययन गर्ने सौभाग्य पाउनु भएको थियो । त्यसकारण बाहिरी दुनियाँका गतिविधि र उपलब्धिबारे अपेक्षाकृत बढी जानकारी राख्नुहुन्थ्यो, उहाँ । यद्यपि मेरो गाउँ खिरखिरीया (देवडिहा गाविस, धनुषा) अत्यन्त पिछडिएको अवस्थामा थियो । जनकपुरधामदेखि छ किलोमिटर दक्षिण भारतीय सीमामा अवस्थित त्यो मेरो गाउँमा एउटा पनि विद्यालय थिएन । हामी चटिसार (एकजना गुरुद्वारा निजी घरमा सञ्चालित पाठशाला) मा पढ्ने गर्थ्यौं । विपन्न र निरक्षर व्यक्तिहरूको बाहुल्य रहेको सो गाउँमा रेडियो सपनाको वस्तु थियो ।

तर लाल भाइको मुखबाट सुन्ने गरेको रेडियोको विशेषताले मभित्र रेडियो हेर्ने उत्कट जिज्ञासालाई जगायो ।

छ-सात वर्षको उमेरमा म मेरो गाउँदेखि दुई किलोमिटर उत्तर अवस्थित बहुअर्वा गाउँको नवस्थापित प्राथमिक विद्यालयमा शिक्षार्जन गर्न प्रवेश पाएँ । त्यस गाउँमा गङ्गाप्रसाद मण्डल नामक एकजना धनी व्यक्ति हुनुहुन्थ्यो । सामन्ती पृष्ठभूमिका मण्डलजी परोपट्टा (वरिपरिको गाउँ) मा सोखीन व्यक्तिको रूपमा चर्चित हुनुहुन्थ्यो । २०१० या ११ सालको कुनै एकदिन मैले रोमाञ्चकारी समाचार सुने कि मण्डलजीले 'रेडी' किनेर ल्याउनु भएको छ । त्यस समाचारले हाम्रा सहपाठीहरू पनि निकै उत्साहित भए । हामी सपनाको वस्तुलाई हेर्न व्यग्र भयौँ । म लगायत पाँच-सात जना साथी टिफीनको छुट्टीमा कुलेलम ठोक्दै स्कूलदेखि केही पर रहेको मण्डलजीको घरमा पुग्यौँ । सबैका जिज्ञासु आँखा 'रेडी' हेर्न चारैतिर नाच्न थाले । त्यत्तिकैमा उहाँको ठूलो दलानभित्रको कोठाबाट गीतको मीठो स्वर आइरहेको सुन्यौँ । हामी त्यसै स्वरतिर डोरिँदै अगाडि के बढेका थियौँ, अकस्मात हामीले त्यस कोठाभित्र सजाइएको टेबुलमाथि ठूलो बाकस आकारको आकर्षक वस्तु देख्यौँ । गीतको स्वर त्यसैबाट आइरहेको थियो । एकछिनपछि त्यही वस्तु हाम्रो सपनाको वस्तु रेडियो हो भन्ने थाहा पायौँ । हामी अत्यन्तै प्रसन्न भयौँ । त्यस प्रसन्नतालाई हाम्रो बालसुलभ बानी बेहोराले कुन रूपमा अभिव्यक्ति दिएका थियौँ, त्यसलाई शब्द दिन अहिले म आफूलाई असमर्थ पाइरहेको छु । हाम्रो बाल मस्तिष्कभित्र अनेकौँ जिज्ञासाहरू उब्जेका थिए– यो आवाज कहाँबाट आइरहेको छ ? भित्र कोही छन् कि ? यसलाई बनाउने को हो ? आदि ।

हामी सबै थोक बिर्सेर त्यहीँ रमाइरह्यौँ । पछि स्कूल सम्झेर त्यहाँबाट दगुर्दै आउँदा त स्कूलबाहिर हेडसर हातमा छडी लिएर पर्खिबस्नु भएको देखेर हाम्रो होश गुम्यो । हामीलाई सफाइ दिने मौका दिइएन । पिठ्यूँमाथि छडीको झडी कस्सिएर पर्न थाल्यो । जेहोस् छ-सात वर्षको अपरिपक्व बुद्धि भएको निमुखा शिवू (गाउँमा मेरो बोलाउने नाउँ) आजको ५६ वर्षीय तथाकथित बुद्धिजीवी र दुईमुखे शिवेन्द्रभन्दा बढी भाग्यशाली थियो । शिवूहरूले पिटाई खाएर पनि आफ्नो सपना साकार पारेका थिए तर आज पिटाइको डरले शिवेन्द्रहरू पाएको अधिकार पनि गुमाउन तयार छन् ।

मण्डलजीको घरमा 'रेडी' देखेपछि मनमा एउटा उत्कट आकाङ्क्षा पलायो । त्यो आकाङ्क्षा थियो– मेरो गाउँघरमा पनि एउटा 'रेडी' भइदिएको भए कति आनन्द हुन्थ्यो ... ।

समय बित्दै गयो । २०१४/१५ सालको कुरा हो । त्रिभुवन ग्राम विकासको कार्यालय (वर्तमान जिल्ला विकास समिति) मार्फत भारतीय सहयोगमा सार्वजनिक उपयोगका लागि विभिन्न सामग्रीहरू (शिक्षा, खेलकूद, मनोरञ्जन आदिसम्बन्धी) उपलब्ध गराउने व्यवस्था भयो । त्यस व्यवस्थाअनुसार हाम्रो गाउँमा कार्यरत ग्राम विकास कार्यकर्ता अनन्त विहारी दत्तको सक्रियतामा हाम्रो गाउँलाई पनि ती सामग्री दिने निर्णय गरियो । सामग्री सूचीमा रेडियो पनि रहेको सुखद् समाचारले हामी निकै उल्लासित भयौँ । हाम्रो गाउँमा रेडियो प्रवेशको शुभ मुहूर्तको व्यग्रसाथ प्रतीक्षा हुन थाल्यो । चीरप्रतिक्षित शुभ क्षण पनि आइपुग्यो । दत्त ज्यू र दाज्यू लाल भाइ दरभङ्गा (विहार, भारत) बाट ती सामानहरू किनेर परवाहा स्टेसनमा ओर्लेर अकौरा टोल हुँदै गाउँ आउँदै हुनुहुन्छ भन्ने खुशीको समाचार हामीले पायौँ । रेडियो हेर्ने रहरले सबै गाउँ नै उत्साही बन्यो । विभिन्न वर्ग र उमेरका २५-३० जना गाउँलेहरू दुई जना कुल्लीका साथ आइरहनु भएका दत्त ज्यू र लाल भाइको स्वागतका लागि अकौरातिर लाग्यौँ । हामी केटाकेटीहरू स्वागत दलकासाथ नाच्दै कुद्दै अगाडि बढिरहेका थियौँ । उहाँहरू नजिक पुग्नेबित्तिकै सबैका आँखा रेडियोको खोजीमा लागे । रातो कपडामा बेरिएको ठूलो पोको रेडियो हो भन्ने थाहा पाएपछि कुल्लीको काँधबाट त्यो पोको परीछन मण्डललाई बोकाउने निर्णय भयो । अरू व्यक्तिहरू त्यसका अगाडिपछाडि लागे । क्या शानदार स्वागत ... । अलौकिकभैँ लाग्ने वस्तु पाएकोमा सबै हर्षित ... ।

रेडियोलाई हाम्रो निजी दलानमा सुरक्षासाथ राखियो । त्यति बेला हाम्रो दलान साझा बैठकस्थल थियो । हाम्रा पूज्य पिता स्व. चिरञ्जीव लाल दास (देमान जी गाउँका पटवारी) लाई अपेक्षाकृत बढी आदर प्राप्त थियो । हाम्रो समाजमा सामन्ती प्रवृत्तिको प्रभाव कायम नै थियो ।

रेडियोलाई हेर्न टोल टोलबाट गाउँलेहरूको आउने क्रम बढ्न थाल्यो । पटना स्टेसनबाट बेलुकी प्रसारित *चौपाल कार्यक्रम* सबैलाई बढी रुचिको लाग्यो । त्यस कार्यक्रममा प्रसारित लोहासिंहका नाटक, लोकगीत र लोकगाथाहरूले सबैलाई लट्ठ पार्थे । वैज्ञानिक उपलब्धिप्रति अनभिज्ञ हाम्रा निरक्षर र निर्दोष गाउँलेहरूलाई रेडियोबाट निस्किने आवाजले अचम्भित तुल्याउँथ्यो । केही बूढापाकाहरू रेडियो राखिएको टेबुलतिर घुमेर आफ्ना मनभित्रका अनन्त जिज्ञासाहरू मेट्न असफल प्रयास गरिरहेका हुन्थे । अन्तमा मानवीय प्रयासको अनुपम उपहारलाई भगवान्‌को महिमा अपरम्पार ठानेर राती आ-आफ्नो घर फर्कन्थे । तर मलाई लाग्छ, त्यस रेडियोले हाम्रो गाउँको सुषुप्त जनमानसलाई घच्घच्याउन पक्कै सफल भएको थियो ।